# शङ्खरापुर सन्देश

शङ्खरापुर नगरपालिकाको बुलेटिन

वर्ष : १ अङ्क : १ नेपाल संवतः ११४१ २०७७-साउन-कार्तिक पृष्ठ संख्याः १२

## सम्पादकीयः

### शङ्खरापुर नगर गतिविधि

हाम्रो देश नेपालमा वर्तमान अवस्थामा सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहका सरकार रहेका छन् । स्थानीय सरकारलाई जनताको घरदैलोको सरकार भनिन्छ । हिजोका दिनमा केन्द्र, क्षेत्र र जिल्ला तहबाट प्राप्त हुने सेवा तथा सेवा प्रवाहका लागि निर्माण गरिने योजनाहरू आज स्थानीय तहबाटै हुने गरेका छन् । शङ्खरापुर नगरपालिका काठमाडौँ उपत्यका भित्रको क्षेत्रफलको हिसाबले सबै भन्दा ठूलो तर जनसंख्याको हिसाबले सानो छ । कृषि, पर्यटन र साँस्कृतिक विकास यस नगरपालिकाको मेरूदण्ड हो । ३३२० वर्ष पुरानो साँखु सहर, बज्रयोगिनी मन्दिर, मणिचुड, जहरसिं पौवा, शालीनदी, माधव नारायण स्वस्थानी व्रत, जात्रा परम्परा शङ्खरापुरका धरोहर हुन् । तामाङ, नेवार, ब्राम्हण, क्षेत्री लगायतका जातजाति यस नगरपालिकामा बसोबास गर्छन् ।

नगरपालिकाले निर्माण गरेका विकास निर्माणका योजना, सम्पादित कार्यहरू तथा नगरका मुख्य सम्पादित गतिविधिहरू नगरबासीहरूलाई निरन्तर जानकारी गराउनु हाम्रो दायित्व मात्र नभएर कर्तव्य पनि हो । कोभिड (१९ ले नेपाल लगायत संसार भरिका देशहरूलाई प्रभाव पारिरहेको वर्तमान परिवेशमा शङ्खरापुर नगरपालिका यसबाट पृथक रहन सकेन । फलस्वरूप, नगरपालिबाट नियमित रूपमा सम्पादन हुने कार्यहरू, विकास निर्माणका गतिविधि तथा विद्यालय तथा विश्वविद्यालयमा हुने पठनपाठनमा समेत प्रत्यक्ष प्रभाव परेको छ । नगरपालिकाका विविध गतिविधिहरूको जानकारी लिन चाहने सरोकारवालाहरूका लागि वेवसाइट : https//www.shankharapurmun.gov.np/ को व्यवस्था गरिएको छ । यसका साथै नगरपालिकाका गतिविधिहरू लिखित सङ्गालोको रूपमा जानकारी गराउने अभिप्रायले चौमासिक बुलेटिन शङ्खरापुर सन्देश प्रकासन गर्न लागिएको छ । शङ्खरापुर सन्देशको यो प्रथम अङ्क हो । यस अङ्कमा गत आर्थिक वर्षमा सम्पादित मुख्य क्रियाकलापहरू, नगर कार्यपालिकाद्वारा पारित ऐन, नियमावली तथा कार्यविधि, योजना सम्झौताका लागि आवश्यक कागजातहरू, सूचनामूलक सन्देश, कोभिड सम्बन्धी सूचना, शाखागत गतिविधिहरू लगायतका सामग्रीहरू समावेश गरिएका छन् । यस सामग्रीबाट सरोकारवालाहरू सु-सूचित भई लाभान्वित हुने अपेक्षा गरिएको छ । बुलेटिनका आगामी अङ्कहरूलाई अझबढी उपयोगी बनाउनका लागि रचनात्मक राय, सल्लाह र सुझावको लागि हार्दिक अनुरोध गरिन्छ ।



## यस भित्र

शङ्खरापुर एक चिनारी

शालीनदीः एक परिचय

शङ्खरापुर नगरपालिकाका आ.व.२०७६/०७७ र २०७७/७८ का उल्लेख्निय गतिविधिहरू

हालसम्म तयार भएका योजनाका DPR को विवरण

सम्पदा बस्ती लाभग्राही सम्बन्धी विवरण

कोराना भाईरस संक्रमण (कोभिड-१९)

कोभिड १९ का कारण सिर्जना भएको राहत अभावको पूर्तिका लागि राहत वितरण सम्बन्धी विवरण

आर्थिक प्रगतिः आ.व. २०७७/०७८ कार्तिक मसान्तसम्मको अवस्था

कोभिड १९ सम्बन्धी विवरण

न्यायिक समितिद्वारा सम्पादित हालसम्मको कार्यहरूको विवरण

शङ्खरापुर नगरपालिकाद्वारा पारित ऐन,नियमावली र कार्यविधिहरू योजना/कार्यक्रम सञ्चालन सम्बन्धी जानकारी

लैङ्गिक हिंसा

माटोको नमुना सङ्कलन गर्ने तरिका


वैकल्पिक विधिहरूबाट विद्यार्थी सिकाइ सहजीकरण कसरी गर्ने ?

शङ्खरापुर नगरपालिकाको विकासमा निजी क्षेत्रको भूमिका

नगर गतिविधिहरू

शङ्खरापुर सन्देश
शङ्खरापुर नगरपालिकाको बुलेटिन
२०७७-साउन-कार्तिक

## शङ्खरापुर एक चिनारी




प्रदेशः बागमती
जिल्लाः काठमाडौं
स्थापनाः २०७१ मंसिर १६
वडा संख्याः ९
जनसंख्याः २७२०२
महिला जनसंख्याः १३५६९
पुरुष जनसंख्याः १३६३३
क्षेत्रफलः ६०.२१ वर्ग किलोमिटर
भौगोलिक संरचनाः पहाड र समथर भूभाग
साँस्कृतिक विशेषताः साँखु सम्पदा वस्ती, बज्रयोगिनी जात्रा, शालीनदी मेला, मणिचुड मेला, माधवनारायण स्वस्थानी जात्रा आदि ।
सिमानाः पूर्व (काभ्रे), दक्षिण (भक्तपुर), पश्चिम (काठमाडौँ) र उत्तर (सिन्धुपाल्चोक)
प्रमुख जातजातिः तामाङ, नेवार, ब्राम्हण, क्षेत्री, गुरूङ आदि ।
प्रमुख चाडपर्वः दशैं, तिहार, माघे सङ्क्रान्ति, चैते दशैं, जनैपूर्णिमा, कृष्णाष्टमी आदि ।

# शालिनदीः एक परिचय

शालिनदीको उद्गम स्थल मणिशैल पहाड होयो पहाडबाट शैलनदीको नाममा बगेको नदी साँखु नजिकै आइपुग्दा शालिनदीको नामले परिचित हुँदै आएको छायस नदीको आसपासमा नारायणेश्वर, भैरवस्थान, गोल्मादेवी, सामेलीदेवी आदि तीर्थस्थलहरू पर्दछन् । विश्वम्भराबाट झरेको नारायणखोला र नगरकोटबाट झरेको गडगडे खोला मिलेर गण्डकी खोलामा यो नदी मिल्दछ ।

शालिनदीको आसपासमा विभिन्न तीर्थस्थलहरू पर्दछन् जस्तैः नारायणेश्वर मन्दिर, गोल्मादेवी मन्दिर, माधवनारायण मन्दिर, स्वस्थानीमाता मन्दिर । श्री स्वस्थानी कथा अनुसार शालिनदीको तटमा पौष शुक्ल पूर्णिमा देखि माघ शुक्ल पूर्णिमासम्म विष्णु भगवान स्वस्थानीमाताको व्रत बस्नको लागि आउनु भएको थियो । स्वस्थानीमाताको व्रतको प्रभावले गोमा ब्राह्मणी महारानी बन्न पुगेकी थिइन् । चन्द्रवतीले स्वस्थानीमाताको निन्दा गरेकी हुनाले कुष्ठरोग लागी बाह्र वर्षसम्म शालिनदीमा मूढो जस्तै भएर बसेकी र आफूले गरेको पापको पश्चाताप गरी स्वस्थानीमाताको व्रत बसेकी हुनाले उक्त व्रतको प्रभावले सबै रोग निको भई लावण्य देशकी रानी भएकी थिइन् । व्रत बस्ने चलन अहिले सम्म पनि चलिआएको छ । शालिनदीमा पौष शुक्ल पूर्णिमा देखि माघ शुक्ल पूर्णिमासम्म एक महिनासम्म मेला लाग्दछ । यस मेलामा श्री स्वस्थानीमाताको कथा सुन्ने र माधवनारायणको व्रत बस्ने गरिन्छ । यस व्रतमा व्रतालुहरूले एक महिनासम्म नुन नखाई पुरूषले सेतो र महिलाले रातो पहिरन लगाउनु पर्दछ । यस व्रतमा बज्रयोगिनी, पशुपति, पनौती,फर्पिङ, चाँगुनारायण आदि धार्मिक स्थलमा गोडामा


(शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख)

चप्पल समेत नलगाइ नाङ्गो गोडाले तीर्थयात्रा गर्नु पर्दछ । यस मेलामा देश तथा विदेशबाट लाखौं भक्तजनहरू मेला भर्न आउँदछन् । यस मेलामा श्री स्वस्थानीमाताको कथा सुन्ने र माधवनारायणको व्रत बस्ने गरिन्छ । यहाँ व्यापारिक मेला समेत लाग्दछ । शालिनदीमा दर्शन गर्न आउने मानिसहरूले आफुलाई चाहिने सामानहरू किनेर लैजाने गर्दछन् । शालिनदी संरक्षणमा श्री स्वस्थानी माधवनारायण सुधार समिति र जनकजानकी धर्म कर्म सेवा संघ र विभिन्न सामाजिक संघ संस्थाहरूले सामाजिक कार्यहरू गर्दै आएका छन् । शालिनदीले साँखु क्षेत्रलाई आर्थिक रूपले सम्पन्न बनाएको छ ।

शालिनदीको साँखुका बासिन्दाहरूको लागि पिउने पानीको स्रोत पनि हो । यस खोलाको पानीले वडा नं ४, ६ र ७ मा सिंचाईको राम्रो सुविधा भएको हुनाले यहाँका फाँटहरू बाह्रै महिना हरियाली देखिन्छन् । यस क्षेत्रमा एक वर्षमा तीन बाली लगाउने गरिन्छ । शालिनदी क्षेत्रमा रहेका ऐतिहासिक सहर, वन जङ्गल, पुरातात्विक वस्तुहरू, कला संस्कृति, भेषभूषा,मठमन्दिरहरूले शङ्खरापुरको सान र प्रतिष्ठा बढाएको छ ।

## शङ्खरापुर नगरपालिकाका आ.व. २०७६/०७७ र २०७७/७८ का उल्लेखनीय गतिविधिहरू:

**शिक्षा, युवा तथा खेलकुद शाखा**

- साक्षर नगरपालिका घोषणा
- कक्षा १, २, ३, ७ र ८ को स्थानीय पाठ्यपुस्तक लेखन
- वैकल्पिक विधिबाट विद्यार्थी सिकाइ सहजीकरण गर्न शिक्षक तालिम सञ्चालन
- सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको वैदेशिक अवलोकन भ्रमण
- शिक्षक दरवन्दी मिलान

**महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा**

- उद्यम विकास तथा युवा स्वरोजगार कार्यक्रम मार्फत् ५० ओटा कृषक उद्यमीलाई तरकारी खेती, बाख्रा पालन, ब्युटीपार्लर, अचार उद्योग स्थापन गर्न बिउ पूँजी स्वरूप रू. ६३,५०,०००/- बराबर रकम अनुदान दिइएको ।
- १३३३ जना जेष्ठ नागरिक परिचय पत्र वितरण गरिएको ।
- ५५ जना अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्ग परिचय पत्र वितरण गरिएको जस मध्ये १६ जना क वर्गको, २१ जना ख वर्गको, १० जना ग वर्गको र ८ जना घ वर्गको अपाङ्गता भएका व्यक्तिहरू छन् ।
- न्यून आर्थिक अवस्था भएका सुत्केरी महिलालाई ओरेफ नेपालसँगको समन्वयमा रू. तीस हजार बराबरको लत्ता कपडा लगायत खाद्यान्न सामान तथा नगद रू. पच्चीस हजार केन्द्रीय बाल कल्याण परिषदबाट आर्थिक सहयोग गरिएको
- दुई जना आपाङ्ग बालिकालाई खगेन्द्र नवजिवन केन्द्रमा पूनर्स्थापना गरिएको
- एक जना अपाङ्ग बालकलाई महिला आयोगसँग समन्वय गरि वार्षिक रू. ७५००/- शैक्षिक सहयोग गरिएको
- एक जना बालिकालाई P.A. नेपालसँग समन्वय गरि पुर्नस्थापना गरिएको

**जनस्वास्थ्य प्रवर्द्धन उप-शाखा**

- नगर अस्पताल इन्द्रायणी सञ्चालन
- कोभिड १९ को रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यहरू
- महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा

**पशु विकास उपशाखा**

- विपन्न कृषकहरूलाई लोकल कुखुराको चल्ला निःशुल्क वितरण (८० घरपरिवारलाई १५०० ओटा)
- असल नश्लका गाईभैसी उत्पादन गर्न कृत्रिम गर्भाधान साभाग्री निःशुल्क वितरण तथा भ्याक्सिनेसन,
- परजिवी नियन्त्रण

## हालसम्म तयार भएका योजनाका DPR को विवरण:

- जहरसिंह पौवा डि.पि.आर.
- ट्रिपर मार्ग डि.पि.आर.
- वडा कार्यालय ५ को भवनको डि.पि.आर.
- नगर यातायात गुरूयोजना
- नगरपालिकाको कार्यालयको भवनको डि.पि.आर.
- इन्द्रायणी मन्दिरको डि.पि.आर.
- सलम्बु पार्कको डि.पि.आर.
- बुद्ध पार्कको डि.पि.आर.
- IT पार्कको डि.पि.आर.
- मणिचुड उद्यान पार्कको डि.पि.आर.
- वडा नं ८ को कार्यालयको भवनको डि.पि.आर.
- धारापानी पटाप कुन्डेश्वर सडकको डि.पि.आर.
- मणिचुड खानेपानी डि.पि.आर.
- साँखु खानेपानी डि.पि.आर.
- भज्याङ खानेपानी डि.पि.आर.
- साँगाचोक खानेपानी डि.पि.आर.
- वडा नं ४ को खानेपानी डि.पि.आर.
- पटाप लामाटोल भ्लोन टोल खानेपानी डि.पि.आर.
- नाङ्भेरे खानेपानी डि.पि.आर.
- ढुङ्खेोला खानेपानी डि.पि.आर.

## सम्पदा बस्ती लाभग्राही सम्बन्धी विवरण

| क्र.सं | आर्थिक वर्ष | लाभग्राही (जना) | अनुदान रकम (१ लाख प्रति लाभग्राही) |
|---|---|---|---|
| १ | २०७४/०७५ | ५ | ५ लाख |
| २ | २०७५/०७६ | १६ | १६ लाख |
| ३ | २०७६/०७७ | १६ | १६ लाख |
| ४ | २०७७/०७८ (कार्तिक महिनासम्म) | ८ | ८ लाख |
| **कुल** | | **४५** | **४५ लाख** |

*(पूर्वाधार विकास, भवन तथा वातावरण व्यवस्थापन शाखा)*

# कोरोना भाईरस संक्रमण (कोभिड-१९)


कोभिड-१९ कोरोना भाईरस भनिने भाईरसले गर्दा लाग्ने रोग हो । चिनको उहान शहरमा २०७६ पुसको पहिलो हप्ता देखा परेको यो रोग हाल महामारीको रूपमा विश्वभरि नै फैलिई रहेको छ । विश्वमा करिव सात करोड व्यक्तिहरू संक्रमित भईसकेका छन् भने माघ पहिलो साता चिनवाट फर्किएका ३१ बर्षिय एक पुरूषमा कोरोना पुष्टि भए देखि नेपालमा पनि हाल सम्ममा करिब दुई लाख पैंतालिस हजार व्यक्तिहरू यो रोगले संक्रमित बनेका छन् भने करिब साढे सोह्र सय जनाले यो रोगको कारण ज्यान समेत गुमाई सकेका छन् ।

खोक्दा, हाच्छीउँ गर्दा मुख र नाकवाट निस्केको थुक र सिंगानका स-साना थोपा/छिटा स्वस्थ व्यक्तिको नाक, मुख र आँखा मार्फत शरिर भित्र प्रवेश गरेपछि यो रोगको संक्रमण हुन्छ ।

यो रोगको भाईरस स्वस्थ व्यक्तिको शरिरमा प्रवेश गरेको सामान्यतया २ देखि १४ दिन भित्रमा ज्वरो आउने, शरिर शिथिल हुने, सुख्खा खोकी लाग्ने (६ जनामा १ जनालाई श्वास फेर्न गाह्रो हुन्छ) हुनुको साथसाथै बास्ना/गन्ध थाहा नपाउने, स्वाद थाहा नपाउने वान्ता हुने जस्ता लक्षणहरू देखा पर्दछन् ।

समुदायमा यो रोग फैलिन नदिनका लागि र भाईरसबाट संक्रमित हुनबाट बच्नका लागि २ मिटरको भौतिक दुरि कायम राख्ने, खोक्दा नाक/मुख छोप्ने र पटक पटक साबुनपानीले हात धुने गर्नुपर्दछ ।

भाईरसको सम्पर्कमा आएको खण्डमा कुनै पनि उमेर, लिङ्ग, जात, धर्म आदिका व्यक्तिहरूलाई कोभिड १९ लाग्न सक्छ । शङ्खरापुर नगरपालिकामा पनि २०७७ मंसिर १५ गते सम्ममा ६९ महिला र ९३ पुरुष गरी जम्मा १६२ जनामा कोभिड-१९ को संक्रमण भैसकेको छ भने २ जना महिला र १ जना गरी जम्मा ३ जनाले ज्यान समेत गुमाई सकेका छन् । हाल यस नगरपालिकामा ३ जना महिला र ५ जना पुरुष गरी जम्मा ८ जना सक्रिय संक्रमित (सबै जना होम आईसोलेसन) रहेका छन् । यस नगर पालिकाले को भिड-१९ को नियन्त्रण तथा रोकथामको लागि सरकारले जारि गरेका विभिन्न निर्देशिका तथा मापदण्डको पालना गर्दै सुरुवाति चरणमा नगरपालिकाको विभिन्न नाकामा स्वास्थ्यकर्मीहरू र सुरक्षाकर्मीहरू खटाई हेल्थ डेस्कको स्थापना गरिनुका साथै हाल २ वटा कोभिड-१९ का लागि केश अनुसन्धान तथा कन्ट्याक्ट खोजपड्ताल टिम परिचालन गरी आवश्यकता अनुसार कोरोना परीक्षणको लागि नमुना सङ्कलन गरी परीक्षणको व्यवस्था गर्ने गरेको छ । प्रत्येक वडामा कोभिड-१९ नियन्त्रण तथा रोकथामको लागि वडा अध्यक्षको संयोजकत्वमा समिति गठन भई कोभिड-१९ नियन्त्रण तथा रोकथाम सम्बन्धी गतिविधिहरू सञ्चालन गर्नुका साथै सम्पूर्ण स्वास्थ्य कर्मीहरू, जनप्रतिनिधिहरू अग्रपंतिमा रही महामारीको महायुद्धमा जुटिरहेका छन् । अन्तमा समुदायमा सबै जनाको साथ र सहयोग भएमा मात्रै हामीले यो रोगलाई नियन्त्रण गर्न सक्छौं । यसको लागि स्वास्थ्य सुरक्षाको लागि **SMS** विधि अपनाउनु पर्दछ ।



*(जनस्वास्थ्य प्रवर्द्धन उप-शाखा)*

## कोभिड १९का कारण सिर्जना भएको राहत अभावको पूर्तिका लागि राहत वितरण सम्बन्धी विवरण:

| वडा नं | महिला राहत लाभग्राही संख्या | पुरूष राहत लाभग्राही संख्या | कुल राहत लाभग्राही संख्या |
|---|---|---|---|
| १ | १९ | ७० | ८९ |
| २ | २७ | ९१ | ११८ |
| ३ | १७ | ४६ | ६३ |
| ४ | १८ | ५३ | ७१ |
| ५ | ७६ | ४२ | ११८ |
| ६ | १४० | ३३१ | ४७१ |
| ७ | १४९ | २७४ | ४२३ |
| ८ | ३८ | ३१ | ६९ |
| ९ | ९८ | २४९ | ३४७ |
| कुल राहत लाभग्राही संख्या | ५८२ | ११८७ | १७६९ |

## आर्थिक प्रगति: आ.व. २०७७/०७८ कार्तिक मसान्तसम्मको अवस्था

| सि.नं. | स्रोत समूह | बजेटको स्रोत | स्रोत | प्राप्तिको विधि | अनुमानित आय | प्राप्तिर निकासा | खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १०६९००००.०० | २६७२५०००.०० | ३२७०९७५.०० |
| २ | सङ्घीय सरकार | नेपाल सरकार | शसर्त अनुदान चालु | नगद अनुदान | १७४७००००००.०० | २८२०००००.०० | ४३००८१९८.२८ |
| ३ | सङ्घीय सरकार | नेपाल सरकार | विषेश अनुदान चालु | नगद अनुदान | २००००००००.०० | ५००००००.०० | ०.०० |
| ४ | सङ्घीय सरकार | नेपाल सरकार | समपूरक अनुदान चालु | नगद अनुदान | १००००००००.०० | ०.०० | ०.०० |
| ५ | सङ्घीय सरकार | नेपाल सरकार | अन्य अनुदान सडक बोर्ड | नगद अनुदान | ३५०००००.०० | ०.०० | ०=०० |
| ६ | प्रदेश सरकार | वाग्मती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १०११७०००.०० | २५२९२५०.०० | ०.०० |
| ७ | प्रदेश सरकार | वाग्मती प्रदेश | शसर्त अनुदान चालु | नगद अनुदान | १५१०९०००.०० | ०.०० | ०.०० |
| ८ | प्रदेश सरकार | वाग्मती प्रदेश | विषेश अनुदान चालु | नगद अनुदान | ३००००००.०० | ०.०० | ०.०० |
| ९ | प्रदेश सरकार | वाग्मती प्रदेश | समपूरक अनुदान चालु | नगद अनुदान | २९८७६०००.०० | ०.०० | ०.०० |
| १० | राजस्व बाडफाड | राजस्व बाँडफाँड प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | २६९२४३९५०.०० | १२९४४५५२.०० | २५३५०८३९.५० |
| ११ | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ६३९०३६५०.०० | ११६०५५७२.०० | ७०२११८५.०० |
| १२ | अन्तरिक श्रोत | जिल्ला समन्वय समिति | आन्तरिक श्रोत | नगद | ७००००००००.०० | ०.०० | ०.०० |
| १३ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २४९४९५४००.०० | १३०९२५५११.०० | ४७१५८८३०.०० |
| जम्मा | | १०२५८४५०००.०० | | २१७९२९८८५.०० | | १२५८१००२७.७८ | |

*(आर्थिक प्रशासन शाखा प्रमुख)*

## न्यायिक समितिद्वारा सम्पादित हालसम्मका कार्यहरूको विवरण

| क्र.स. | विवादहरू | दर्ता भएका सङ्ख्या | फरफारक भएका सङ्ख्या | बाँकी सङ्ख्या |
|---|---|---|---|---|
| १ | घर जग्गा सम्बन्धी विवाद | ६२ | ३९ | २३ |
| २ | नक्शा विपरीत बनाएको संरचना भत्काई पाउँ भन्ने बारे विवाद | १५ | १० | ५ |
| ३ | बाटो सम्बन्धी विवाद | ४ | १ | ३ |
| ४ | जन्म दर्ता / विवाह दर्ता सम्बन्धी | ६ | ५ | १ |
| ५ | लेनदेन विवाद | १७ | ११ | ६ |
| ६ | भाडा असुली | ४ | २ | २ |
| ७ | अन्य विवाद | २३ | १३ | १० |
| ८ | सम्बन्ध विच्छेद | २ | १ | १ |
| ९ | कुलो पानीको विवाद | २ | १ | १ |
| १० | नक्शा पास रोक्का | ३ | २ | १ |
| | जम्मा | १३८ | १३८ | ८५ |

*(न्यायिक समिति)*

## शङ्खरापुर नगरपालिकाद्वारा पारित ऐन, नियमावली र कार्यविधिहरू

**प्रशासन सम्बन्धी**

- शङ्खरापुर नगरपालिका नगर कार्यपालिका बैठक संचालन कार्यविधि, २०७४
- शङ्खरापुर नगरपालिका कार्यसम्पादन (पहिलो संसोधन) नियम(ावली, २०७४
- शङ्खरापुर नगरपालिका कार्य विभाजन (पहिलो संसोधन) नियमवाली, २०७४
- शङ्खरापुर नगरपालिकाको नगर सभा संचालन कार्यविधि, २०७४
- शङ्खरापुर नगरपालिकाको प्रशासकीय कार्यविधि, (नियमित गर्ने) ऐन, २०७५
- शङ्खरापुर नगरपालिकाको उपभोक्ता समिति व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७५
- कर्मचारी व्यवस्थापन ऐन, २०७७
- तालिम, गोष्ठी, अन्तरक्रिया कार्यक्रम सञ्चालन मापदण्ड सम्बन्धी निर्देशिका, २०७७
- जनप्रतिनिधिहरूको आचारसंहिता, २०७७
- कर्मचारीहरूको आचारसंहिता. २०७७

**शिक्षा सम्बन्धी**

- आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यि(वधि, २०७६
- करारमा शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति गर्नेसम्बन्धी कार्यविधि, २०७६
- स्थानीय पाठ्यक्रम निर्माण कार्यविधि, २०७६
- विद्यालय व्यवस्थापन समिति गठन गर्नेसम्बन्धी कार्यविधि, २०७६

**आर्थिक प्रशासन सम्बन्धी**

- आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन , २०७४
- आर्थिक ऐन, २०७५
- आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि, २०७५
- आर्थिक ऐन, २०७६
- शङ्खरापुर नगरपालिकाको आर्थिक कार्यविधि नियमन तथा व्यवस्थित गर्न बनेको ऐन, २०७६
- आर्थिक ऐन, २०७७

**स्वास्थ्य सम्बन्धी**

- नगर अस्पताल सञ्चालन सम्बन्धी कार्यविधि, २०७७
- एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि (पहिलो संसोधन), २०७७

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धी**

- शङ्खरापुर नगरपालिकाको ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका, २०७४
- शङ्खरापुर नगरपालिकाको अपाङ्गता तथा अशक्त व्यक्ति परिचय पत्र वितरण निर्देशिका, २०७४
- लघु वित्त व्यवस्थापन तथा युवा स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७४
- मनोविमर्श सेवा केन्द्र संचालन कार्यविधि, २०७६
- आपतकालीन बाल उद्धार कोष सञ्चालन नियमावली, २०७७
- लैङ्गिक हिंसा निवारण कोष सञ्चाकलन नियमावली, २०७७
- एकल महिला सुरक्षा कोष सञ्चालन नियमावली, २०७७
- मानव बेचविखन तथा ओसारपसार विरूद्धको कोष सञ्चालन नियमावली, २०७७

**कृषि सम्बन्धी**

- शङ्खरापुर नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४
- कृषि विकास सेवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन कार्यविधि, २०७७

**कोष सञ्चालन सम्बन्धी**

- कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०७४
- वातावरण संरक्षण तथा व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७४
- शङ्खरापुर नगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७५
- विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७६
- मर्मत संभार कोष सञ्चालन कार्यविधि (पहिलो संसोधन), २०७५
- भैपरी आउने कोष सञ्चालन कार्यविधि, २०७७
- सम्पदा बस्ती सम्बन्धी कार्यविधि. २०७५
- होमस्टे सञ्चालन कार्यविधि, २०७६
- सम्पदा बस्ती सम्बन्धी कार्यविधि (पहिलो संसोधन), २०७७

**राजस्व सम्बन्धी**

- शङ्खरापुर नगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७४
- 'घ' वर्गको निर्माण व्यवसायी दर्ता सम्बन्धी कार्यविधि, २०७४
- निर्माण व्यवसायको नयाँ इजाजत पत्र जारी नवीकरण, ना(मसारी तथा खारेजी गर्ने सम्बन्धी कार्यविधि, २०७५
- विनियोजन ऐन, २०७५
- विनियोजन ऐन, २०७६
- विनियोजन ऐन, २०७७
- सम्पत्ती कर सम्बन्धी कार्यविधि, २०७७
- व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७

**विविध**

- शङ्खरापुर नगरपालिकाको एफ. एम. रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०७४
- शङ्खरापुर नगरपालिकाको सहकारी दर्ता तथा नियमन विधयेक २०७४
- शङ्खरापुर नगरपालिकाको न्याय सम्पादन कार्यविधि, २०७४
- स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५
- अटो तथा ई रिक्सा सञ्चालन सम्बन्धी कार्यविधि, २०७६

## योजना/कार्यक्रम सञ्चालन सम्बन्धी जानकारी

**योजना सम्झौताको लागि आवश्यक कागजातहरू**

- योजना सञ्चालनको लागि उपभोक्ता समिति र अनुगमन समिति गठन गर्दा टोल/गाउँ भेलाको निर्णयको प्रतिलिपि
- उपभोक्ता समितिमा महिला प्रतिनिधित्व (अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्य १ जना महिला रहने गरी) ३३ प्रतिशत हुने गरी कम्तिमा ७ जना देखि ११ जना सम्मको हुनु पर्ने
- योजनाको अनुगमन गर्न ३ देखि ५ जनाको (महिला प्रतिनिधित्व समेत रहने गरी) जनप्रतिनिधिको अध्यक्षतामा अनुगमन समिति गठन भएको निर्णय
- उपभोक्ता समितिको अध्यक्ष र सचिव वा अन्य सदस्यलाई योजना सम्झौता गर्न नगरपालिकाको कार्यालयमा पठाउने गरी अख्तियारी दिइएको उपभोक्ता समितिको निर्णयको प्रतिलिपि
- उपभोक्ता समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी बैङ्क खाता खोल्नको लागि अख्तियारी दिइएको उपभोक्ता समितिको निर्णयको प्रतिलिपि
- उपभोक्ता समितिमा रहने पदाधिकारीहरूको नागरिकताको प्रतिलिपि
- योजनाको लागत अनुमान
- उपभोक्ता समितिको छाप
- योजना सम्झौता गरी पाउँ भनी अध्यक्ष वा सचिवको निवेदन
- अध्यक्ष, सचिव र कोषाध्यक्षको फोटो १/१ थान र तीन पुस्ते विवरण

## शङ्खरापुर नगरपालिकाबाट आ.व. २०७७/७८ सञ्चालित योजना/कार्यक्रमहरू कार्यान्वयन कार्यतालिका

| क्र.सं. | योजना/कार्यक्रम | महिना | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत्र | वैशाख | जेठ | असार |
| १ | वडा अध्यक्ष लगायतलाई अभिमुखिकरण | ■ | ■ | ■ | ■ | | | | | | | | |
| २ | उपभोक्ता समिति गठन | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | | | |
| ३ | उपभोक्ता समितिसँग सम्झौता | | ■ | ■ | ■ | ■ | ■ | | | | | | |
| ४ | उपभोक्ता समिति अभिमुखिकरण | | | ■ | ■ | ■ | ■ | | | | | | |
| ५ | उपभोक्ता समितिबाट योजना फरफारक | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | |
| ६ | उपभोक्ता समिति गठन हुन नसके टेण्डर प्रक्रिया शुरू | | | | | | | ■ | ■ | | | | |
| ७ | युवा स्वरोजगारका लागि निवेदन (उद्यम विकास) | ■ | ■ | ■ | ■ | ■ | | | | | | | |
| ८ | **DPR** तयार गर्ने योजनाहरू कार्यान्वयन | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | |
| ९ | योजनाहरू अनुगमन | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| १० | भैपरि आउने शीर्षकबाट गर्ने योजनाहरूको छनौट | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | | |
| ११ | वडाको भैपरि तथा मर्मत संभारका योजना | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | |

*(प्रशासन, योजना तथा अनुगमन शाखा)*

# सूचना ! सूचना !! सूचना !!!

**शङ्खरापुर नगरपालिकाद्वारा प्रकाशित यस "शङ्खरापुर सन्देश" बुलेटिन बारे सल्लाह, सुझाव वा प्रतिक्रियाहरू छन् भने कृपया तलको ठेगानामा आईपुग्ने गरी पठाइदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।**

**शङ्खरापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, साँखु, काठमाडौँ**
**फोन:** ०१-४४५०३५५, **ई-मेल:** shankharapur.municipality@gmail.com
**वेब:** www.shankharapurmun.gov.np

# लैङ्गिक हिंसा

सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने शारीरिक यौनजन्य मानसिक क्षति वा पीडा पुर्याउने कार्यलाई जनाउँछायस्तो कार्यले धम्कीपूर्ण वा कुनै पनि प्रकारको अपमानजनक व्यवहार, दवाव, करकाप र स्वेच्छाचारी रूपमा जुनसुकै लिङ्गका व्यक्तिको आफ्नो स्वतन्त्रताको उपयोग गर्नबाट वञ्चित वा वन्देज गर्दछ ।

**लैङ्गिक हिंसाका स्वरूपहरू**

**शारीरिक हिंसाः** कुटपिट अङ्गभङ्ग शारीरिक चोट, थुन्नु, जलाउनु, हत्या गर्नु, बलपूर्ण गर्भपतन गराउनु, एसिड आक्रमण इत्यादि ।

**मानसिक हिंसाः** डर, धाकधम्की, त्रासपूर्ण व्यवहार, गाली गलौज, झुट्टा आरोप, बेइज्जत, भेदभाव इत्यादि।

**यौन हिंसाः** बलात्कार, यौनजन्य दुर्व्यवहार, यौन यातना तथा शोषण, हाडनाता करणी, वैवाहिक बलात्कार, देह व्यापार आदि ।

**सामाजिक र परम्मपराजनित हिंसाः** बाल विवाह, बहुविवाह, अनमेल विवाह, जवरजस्ती विवाह, ढँटी विवाह, घरेलु हिंसा, दाइजोका कारण हुने हिंसा, बोक्सीको आरोपमा यातना, छाउपडी, छुवाछुत इत्यादि ।

**आर्थिक हिंसाः** आर्थिक स्रोत र साधनबाट वञ्तित, सम्पत्तिको दुरूपयोग रोजगारी वा आय आर्जन गर्ने कार्यबाट वञ्चित इत्यादि ।

**लैङ्गिक हिंसा न्यूनिकरणका उपायहरूः**

➢ विद्यालय ओहोरदोहोर गर्ने बाटोमा बालबालिकाहरूको सुरक्षा सम्बन्धी व्यवस्थालाई सुधार गर्ने ।

➢ सार्वजनिक स्थलमा महिला र बालबालिकाका लागि अलग र पर्याप्त शौचालयको व्यवस्था गर्ने ।

➢ सार्वजनिक स्थलमा पर्याप्त बत्तिको व्यवस्था गर्ने ।

➢ हिंसालाई प्रतिवन्ध लगाउने, रोकथाम गर्ने, यौनजन्य हिंसालाई सम्बोधन गरी नीति बनाउने ।

➢ कानुनी मान्यता, मापदण्ड र नीतिहरू हरेक तहमा पूर्णरूपमा कार्यान्वयन गर्ने ।

➢ महिला सशक्तिकारणमा जोड दिने ।

➢ समुदायमा रहेका सचेत नागरिकको समानुपातिक सहभागिताा अभिवृद्धि गर्ने ।

➢ समुदायस्तरमा जनचेतना र विद्यालय सचेतना शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

➢ आर्थिक क्रियाकलापको नियन्त्रणमा महिलाहरूको सहभागिता अभिवृद्धि गर्ने ।

**लैङ्गिक हिंसामा परे के गर्ने त?**

➢ समाजमा रहेका सचेत नागरिकसँग सल्लाह गर्ने ।

➢ हिंसा हुनुका कारण पत्ता लगाई कानुनी उपचारको बाटो अपनाउने ।

➢ नजिकको प्रहरी कार्यालयमा सम्पर्क गरी जानकारी दिने ।

➢ लैगिंक हिंसाको क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघरसंस्थाबाट परामर्श र सहयोगका लागि अपिल गर्ने ।

**लैङ्गिक हिंसा भएमा**


➢ राष्ट्रिय महिला आयोगको हेल्प लाईन नं ११४५ मा सम्पर्क गर्ने ।

➢ बाल हेल्प लाईन नं १०९८ मा सम्पर्क गर्ने वा नेपाल प्रहरी १००/१०४ मा सम्पर्क गर्ने । *(महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख)*

# माटोको नमुना सङ्कलन गर्ने तरिका


खेतवारीको माटो जाँच गराउन सो ठाउँबाट माटोको नमुना लिंदा पुरै खेतवारीको प्रतिनिधित्व हुने गरी लिनु पर्दछ । सही ढङ्गले लिएको माटोको नमुनाले मात्र पुरै खेतबारीको प्रतिनिधित्व गर्दछ । त्यसैले माटोको नमुना सङ्कलन गर्दा धेरै विचार पूर्याउनु पर्दछ । माटोको नमुना लिन स्वायल अगरको प्रयोग गर्नु पर्दछ । यदि स्वायल अगर नभएमा खुर्पी, कोदालीको सहायताले पनि निकाल्न सकिन्छ ।

माटोको नमूना लिनको लागि आवश्यक सामग्रिहरु




अन्न तथा तरकारी बालीको लागि माटोको नमुना सङ्कलन गर्दा जमीनको सतहबाट ८–१० इन्च मुनी सम्मबाट माटोको नमूना लिइन्छ । फलफुल बालीको लागि माटोको नमुना सङ्कलन गर्दा जमीनको सतहबाट २–४ फिट सम्मको माटो सङ्कलन गर्नु पर्दछ ।

अन्न तथा तरकारी बालीहरू (धान, गहुँ, मकै, आलु गोलभेडा, प्याज, रायो काउली, बन्दा लहरे तरकारी बाली) को लागि माटो को नमूना लिने तरिका




यसरी लिएको १/२ को माटोको नमूनालाई एउटा प्लाष्टिकमा वा कपडाका थैलोमा एउटा कागजमा निम्नानुसार विवरण भरी जाँचको लागि पठाउनु पर्दछ ।

कृषकको नाम, थर :
ठेगाना :
जग्गाको नाम :
नमुना लिएको मिति :
पहिले लगाएको बाली :
मलखादको प्रयोगको मात्रा :
लगाउन चाहेको बाली :

*(कृषि विकास उप-शाखा प्रमुख)*

# वैकल्पिक विधिहरूबाट विद्यार्थी सिकाइ सहजीकरण कसरी गर्ने ?

कोरोना कहरले विद्यालयको पठनपाठन प्रभावित भएको छ । शैक्षिक सत्रको क्षति हुन नदिनका लागि बैकल्पिक विधिबाट पठनपाठन गर्नुको विकल्प छैन । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालयको पठनपाठनमा नियमितता गर्नकाका लागि विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ जारी गरेको छ । निर्देशिकाले सिकाइ सहजीकरणका लागि ५ ओटा वैकल्पिक विधिहरू सिफारिस गरेको छ । सिफारिस गरिएका विधि अनुसार विद्यार्थीको सिकाइ निरन्तरताको लागि शिक्षक, विद्यार्थी र अभिभावकले तपसिलको भूमिका निर्वाह गर्नु पर्ने देखिन्छ ।

| क्र.सं. | वैकल्पिक विधि | शिक्षकको भूमिका | विद्यार्थिको भूमिका | अभिभावकको भूमिका |
|---|---|---|---|---|
| १ | सबै किसिमको प्रविधिको पहुँच भन्दा बाहिर रहेका विद्यार्थी समूह | विद्यार्थीको कक्षा, उमेर, विषय, तथा प्रत्येक पाठका आधारमा पाठ्य सामाग्री, वर्क सिट, प्रोजेक्ट वर्क, अभ्यास तयार गर्ने र विद्यार्थीहरूले गरेका गृहकार्य अभ्यासको पृष्ठपोषण दिने । | सम्बन्धित पाठहरू पढी वर्क सिटमा दिइएका कार्यहरू, अभ्यास तथा परियोजना कार्य गरेर पृष्ठपोषणका लागि शिक्षकलाई बुझाउने ।नजानेका कुरा टिपोट गर्ने र शिक्षक, अभिभावक वा जान्ने साथीलाई सोध्ने । | घरमा पढ्न सहजीकरण गने, पढाइका बारेमा सोध्ने, बालबालिकासँग समय बिताउने |
| २ | रेडियो,एफ.एम.पहुँच भएका विद्यार्थी | रेडियो, एफ.एम. बाट सञ्चालित कक्षा, विषयका बारेमा शिक्षक आफुले सुन्ने र विद्यार्थीलाई सुन्न प्रेरित गर्ने । पाठ्य सामाग्री, अभ्यास, विद्यार्थी केन्द्रित क्रियाकलाप तथा विद्यार्थी मूल्यांकनका साधन निर्माण गरी विद्यार्थीहरूलाई दिने । विद्यार्थीबाट प्राप्त कपि परीक्षण गरी पृष्ठपोषण सहित विद्यार्थीहरूलाई नै फिर्ता दिने । | रेडियो एफ.एम. बाट सञ्चालित कक्षाहरू सुन्ने । शिक्षकले दिएका कार्यहरू, अभ्यास गर्ने र शिक्षकलाई चेक गर्न दिने । शिक्षकबाट प्राप्त पृष्ठपोषणका आधारमा नोट तयार गर्ने | रेडियो, एफ.एम. उपलब्ध गराउने । रेडियो, एफ.एम. सुन्न प्रेरित गर्ने, अभ्यास गृहकार्य गरे नगरेको यकिन गर्ने । बेलाबेलामा शिक्षकसँग सम्पर्क गर्ने । |
| ३ | टेलिभिजनको पहुँच भएका विद्यार्थी समूह | टेलिभिजनबाट प्रसारित कक्षा, विषय विद्यार्थीहरूलाई हेर्नका लागि समय तथा विषय तालिकाका बारेमा जानकारी गराउने । उक्त प्रसारित पाठका आधारमा विद्यार्थीका लागि विद्यार्थीले जान्नै पर्ने आधारभूत विषय वस्तुको पाठ्य सामाग्री, वर्क सिट, क्रियाकलाप निर्माण गरी निश्चित समयमा सक्ने गरी विद्यार्थीलाई वितरण गर्ने ।<br>विद्यार्थीबाट प्राप्त कपि, सम्पादन गरेका कार्यहरूको मूल्याङ्कन गरी पृष्ठपोषण दिने । | टेलिभिजनबाट प्रसारित कक्षाहरू हेर्ने, नजानेका पाठ वा बुँदा टिपोट गरी शिक्षकसँग सोध्ने ।<br>प्राप्त वर्क सिट क्रियाकलाप समयमा नै समाधान गरी शिक्षकलाई बुझाउने ।<br>प्राप्त पृष्ठपोषणका आधारमा नोट तयार गरी शिक्षकको सम्पर्कमा रहने ।<br>टेलिभिजनबाट प्रसारित कक्षा, विषय विद्यार्थीहरूलाई हेर्नका लागि समय तथा विषय तालिकाका बारेमा जानकारी गराउने । उक्त प्रसारित पाठका आधार मा विद्यार्थीका लागि विद्यार्थीले जान्नै पर्ने आधार भूत विषयवस्तुको पाठ्य सामग्री, वर्क सिट, क्रियाकलाप निर्माण गरी निश्चित समयमा सक्ने गरी विद्यार्थीलाई वितरण गर्ने । विद्यार्थीबाट प्राप्त कपि, सम्पादन गरेका कार्यहरूको मूल्याङ्कन गरी पृष्ठपोषण दिने । | टेलिभिजनबाट प्रशारित कक्षाहरू हेर्ने बालबालिकालाई प्रोत्साहन तथा सहजीकरण गर्ने । उनीहरूलाई पढ्न सहयोग गर्न समय छुट्याउने । शिक्षकको सम्पर्कमा बस्ने । |
| ४ | कम्प्युटर भएका तर अनलाइन कनेक्टिभिटि नभएका विद्यार्थी समूह | virtual class, YouTube class, radio class अन्य पाठ्य सामाग्री सङ्कलन गरी विद्यार्थीहरूलाई उपलब्ध गराउने । उपलब्ध स्रोत सामग्रीका आधार मा वर्क सिट, अभ्यास, प्रोजेक्ट वर्क तथा अन्य क्रियाकलापहरू निर्माण गरी विद्यार्थीहरूलाई उपलब्ध गराउने । निश्चित समय पश्चात् विद्यार्थीले गरेका कार्यहरूको परीक्षण गरी, पृष्ठपोषण, नबुझेका वा नजानेका कार्यहरूको लागि थप सामग्री उपलब्ध गराउने । | पाठसँग सम्बन्धित सामग्रीहरू खोज्ने,शिक्षकले दिएका सामग्रीहरू अध्ययन गर्ने, हेर्ने, अभ्यास वर्कसिट प्रोजेक्ट वर्क गर्ने । शिक्षकको पृष्ठपोषणलाई ख्याल गर्ने । नोट तयार गर्ने। | बालबालिकाहरू पढे नपढेको यकिन गर्ने , उनीहरूसँगै बसी पढ्ने वातावरण मिलाउने । |
| ५ | इन्टर्नेट तथा सूचना तथा सञ्चार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी | अनलाइन क्लास, युटुव,फेसबुक, म्यासेन्जरका group, messenger group को सहायताबाट विद्यार्थीलाई सिकाइ सहजिकरण गर्ने, अन्तर्क्रिया गर्ने, विषयवस्तु स्पष्ट पार्ने,गृहकार्य दिने । विद्यार्थीको सिकाइ मूल्याङ्कनका लागि कपी परीक्षण पृष्ठपोषण थप सामग्री उपलब्ध गराउने । | नियमित रूपमा कक्षा लिने, समूहमा जोडिने । कक्षा सुरु हुनुभन्दा पहिला आफूले पढेर कक्षामा तयारी हुने ।<br>गृहकार्य समयमा नै गरी बुझाउने । | बालबालिकाको अनलाइन कक्षाको निरीक्षण गरिरहने । कक्षाको नजिकै बसेर प्रोत्साहन गर्ने । गृहकार्य र कक्षामा ध्यान दिए नदिएको यकिन गर्ने ,शिक्षकको सम्पर्कमा रहने । |

*(शिक्षा, यूवा तथा खेलकुद शाखा)*

# शङ्खरापुर नगरपालिकाको विकासमा निजी क्षेत्रको भूमिकाः

नेपालमा संघीयता कार्यान्वयनसँगै शत्त्रापुर नगरपालिकाले नागरिकलाई घर नजिकबाट आधारभूत सेवा तथा सुविधाहरू उपलब्ध गराउँदै आएको छ।वि. सं. २०७१ साल मंसिरमा स्थापित यस नगरपालिकाको इतिहास छोटो भए तापनि तीन वर्ष सम्म आफैँ नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी तीब्र रूपमा विकास निर्माणका कार्यहरू सञ्चालन हुँदै आएका छन्।यद्यपी, पर्याप्त साधन र स्रोतको अभावको कारण नगरपालिकाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्य प्राप्ती हुन नसकेको अवस्था छ।

यस नगरपालिकाको समग्र सामाजिक र आर्थिक विकासमा निजी क्षेत्रको उल्लेखनीय भूमिका रहदै आएको छ।निजी क्षेत्रका सबल पक्षहरूको सदुपयोग गरी सार्वजनिक निजी साझेदारी मार्फत् विकास आयोजनार परियोजनाहरू सञ्चालन गरेमा यस नगरपालिकाको सामाजिक, आर्थिक, भौतिक पूर्वाधार लगायतका विकास तीब्र गतिमा हुन सक्छ।निजी क्षेत्रको सक्रिय सहभागीता अभिवृद्धि गर्न यस नगरपालिकाले लगानीमैत्री वातावरण सिर्जना गरी आवश्यक प्रोत्साहनको व्यवस्था गर्नुपर्छ।सक्रिय निजी क्षेत्रले आफूसँग रहेका पर्याप्त स्रोतरसाधन र प्रतिस्पर्धात्मक क्षमताको भरपुर उपयोग गरी गुणस्तरीय वस्तु तथा सेवा उत्पादन, सहज र सुलभ आपूर्ति व्यवस्थापन, गुणस्तरीय पूर्वाधार निर्माण र मर्यादित रोजगारी सिर्जना गर्नमा सहयोगी भूमिका खेल्न सक्छ।निजी क्षेत्रले संस्थागत सामाजिक उत्तरदायित्व वहन गरी सामाजिक सुरक्षा तथा संरक्षणमा महत्वपूर्ण भूमिका खेल्न सक्छ।

तसर्थ, यस नगरपालिकाको सर्वाङ्गिण विकासमा सार्वजनिक निजी साझेदारी मार्फत् नाफा र जोखिमको न्यायोचित बाँडफाँट गरी गुणस्तरीय तथा दिगो विकास निर्माण कार्य सञ्चालनमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ।यस विषयमा नगरपालिकाको भावी नीति तथा योजना केन्द्रित रही निजी क्षेत्रको सक्रियता र सहभागिताको आवश्यकता रहेको छ।

*(लेखक शङ्खरापुर नगरपालिकाका प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख हुन ।)*

---

## सूचना ! सूचना !! सूचना !!!

**यस नगरपालिकाको वातावरण सफा र स्वच्छ राख्न तोकेको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्कासन गर्ने कार्य नगरौँ/नगराऔँ। यदि सो कार्य गरे/गराईएको पाइएमा कसूर गर्ने व्यक्ति/संघरसंस्थालाई कानून बमोजिम रू. ५,०००/- देखि रू. १०,०००/- सम्म जरिवाना गराईनेछ।**

वातावरण तथा विपद व्यवस्थापन उप-शाखा

---

## शंखरापुर नगरपालिकाद्वारा नगरवासीहरूलाई हार्दिक अपिल ।

- घटना घटेको ३५ दिन भित्रै सम्बन्धित वडा कार्यालयमा गएर घटना दर्ता गरौं।
- बाँझो जमिनको सदुपयोग गरी उत्पादन बढाऔँ ।
- लगाएको बालीनालीलाई सुरक्षित गर्न बाली बिमा गरौं।
- कर करले होइन रहरले तिर्ने बानी बसालौं।
- नयाँ भवन निर्माण गर्दा नक्सापास गरेर मात्र भुकम्प प्रतिरोधात्मक भवन बनाऔं, आफू र आफ्नो सन्ततीलाई भुकम्पबाट हुने क्षतीबाट जोगाऔं।
- स्रोतबाट नै कुहिने र नकुहिने फोहोरलाई वर्गीकरण गरेर मात्र व्यवस्थापन वा निष्कासन गरौं।
- यस नगरपालिकालाई हरित नगरको रुपमा विकसित गर्न प्रत्येक घरमा कम्तिमा ६ ओटा विरुवा रोपौं तथा सार्वजनिक वनको संरक्षण गरौं।
- नेपालको संविधानले व्यवस्था गरे बमोजिमको स्वच्छ वातावरणको हकको सबैले अनुभूति गराउन सबै नगरवासीले आफ्नो बासस्थान क्षेत्र वरपर तथा सार्वजनिक स्थलहरुको वातावरण स्वच्छ र सफा राखौं।
- मानव बेचबिखन र लैंगिक हिँसाको अन्त्य गरौं।

# नगर गतिविधिहरू:



एक सांसद एक निर्वाचन क्षेत्रमा सडक निर्माण कार्यको निरीक्षण गर्दै नगर प्रमुख तथा उपप्रमुख



जहरसिंह पौवा फट्केश्वर बाहुने पाटी मनमोहन मार्गको विस्तार तथा स्तर उन्नति कार्यको शुभारम्भ



शङ्खरापुर नगरपालिकाद्वारा ५० प्रतिशत अनुदानमा किसानलाई कृषि यान्त्रिकिकरण सामग्री वितरण



शङ्खरापुर नगरपालिकाद्वारा ५० प्रतिशत अनुदानमा किसानलाई जैविक मल वितरण गर्दै उपप्रमुख



आइ.ओ.एम.को सहयोगमा निर्मित बहुउद्देश्य भवन नगरपालिकालाई हस्तान्तरण




लकडाउनका बेलामा स्थानियलाई राहत वितरण




साक्षर शङ्खरापुर घोषणा कार्यक्रम तथा दोस्रो राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता पुरस्कार वितरण समारोह



ठकुरी टोल सडक स्तरोन्नती कार्यक्रम, शङ्खरापुर नगरपालिका-५



# कोरोना भाइरस रोगबाट बच्ने उपायहरू




**ज्वरो आएमा, खोकि लागेमा वा श्वाश फेर्न गाह्रो भएमा नजिकको तोकिएको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्ने**



**सल्लाहकार**
श्री सुबर्ण श्रेष्ठ
श्री शुक्र लक्ष्मी श्रेष्ठ
श्री हितमान तामाङ्ग

**सम्पादन मण्डलः**
श्री भोजराज खतिवडा
श्री बौद्धराज निरौला
श्री निर्जला अधिकारी चुडाल
श्री सुभद्रा पुडासैनी
श्री राममणी ढकाल
श्री गोविन्द अधिकारी
श्री मिलन फुयाल
श्री सन्तोष आचार्य
श्री सुबोध थापा

**सम्पर्क**
शङ्खरापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, साँखु, काठमाण्डौ

**फोन नं.:**
०१-४४५०३५५

**इमेलः**
shankharapur.municipality@gmail.com

**वेवसाइटः**
shankharapurmun.gov.np

**फेसबुक लिङ्कः**
हेलो शङ्खरापुर नगर कार्यपालिकाको कार्यालय साँखु-आधिकारिक पेज
www.facebook.com/shankharapurmun

## वातावरण सफा राखौं, दण्ड जरिवाना बारे जानि राखौं ।

नगरवासीहरूमा बढ्दो जाडोको कारण आगो ताप्न वा अन्य कार्यको लागि खुला स्थानहरूमा प्लाष्टिकजन्य वा अन्य वस्तुहरू जलाउने कार्य नगर्न र नगराउन अनुरोध छ । यस्तो कार्य गर्नाले हावा दुषित भई स्वास्थ्यमा प्रतिकुल असर पर्न गई निमोनिया, दम जस्ता श्वासप्रश्वास सम्बन्धी रोगहरु लाग्न सक्छ । तसर्थ, यस नगर क्षेत्र भित्र जथाभावी आगो बाल्ने कार्य पूर्ण रूपमा बन्द गरौं र गराऔं । यदि सो कार्य गरेको वा गराईएको पाइएमा कसूर गर्ने व्यक्तिलाई आर्थिक ऐन बमोजिम रू. १०,०००/- देखि रू. २०,०००/- सम्म दण्ड र जरिवाना हुनेछ ।